नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०१/२०७८-७९** **मितिः २०७८/०४/२७**

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र - २०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.८.२ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

*"उल्लिखित व्यवस्था अन्तर्गतको आयातको हकमा IGST Free Tax invoice आवश्यक पर्ने छैन ।"*

**२. विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ को दफा १.८.४ लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

*"कृषि सामग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड तथा राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेडले ग्लोवल टेण्डर मार्फत् स्वीकृत गरेको वोलपत्रबाट मल, वीउ आयात गर्दा तेस्रो मुलुकमै निर्मित भई तेस्रो मुलुकबाटै shipment हुने अवस्थामा ग्लोबल टेण्डर पर्ने भारतीय फर्म कम्पनीको नाममा पनि विद्यमान व्यवस्था बमोजिम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्ने गरी प्रतीतपत्र खोल्न सकिनेछ ।"*

भवदीय,

रामु पौडेल
(कार्यकारी निर्देशक)

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड ।
११. श्री नेपाल बैंकर्स संघ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।